# बैठक नं.३२

आज मिति २०८०।११।१४ गते सोमबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा बसि देहाय बमोजिम निर्णय गरियो।

## तपसिल

| क.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | थम बहादुर घर्ति | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ४ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ५ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ६ | भुवन पुन | ४ नं वडा का.बा.अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ७ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ८ | घन बहादुर घर्तीमगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| ९ | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| १० | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| ११ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १२ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | |
| १३ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | |
| १४ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १५ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | |
| १६ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १७ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १८ | रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के. सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| | | | | |
| | | | | |

प्रस्ताव तथा निर्णयहरुः

१. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
२. विशेष अनुदानका लागि योजना माग सम्बन्धमा।
३. होलेरी बजारको जग्गा व्यवस्थापन सम्बन्धमा ।
४. विविध ।

निर्णय नं १.

रुन्टीगढी गाउँपालिकाको शिक्षा समितिको मिति २०८०।११।०३ को शिक्षक दरबन्दी मिलान गर्ने सम्बन्धी निर्णय अनुमोदनका लागि शिक्षा शाखाबाट प्रस्ताव पेश भई आएको हुँदा उक्त प्रस्ताव बमोजिमको समितिको निर्णय अनुमोदन गर्ने।

निर्णय नं २ .

आ.ब. २०८०।०८१ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना कार्यक्रम कार्यान्वयनका गर्न लुम्विनि प्रदेश योजना आयोगको सचिवालयबाट मिति २०८०।११।०८ मा प्रस्ताव आह्वान भएकोले सो अनुसार यस गाउँपालिकाबाट देहाय बमोजिम विशेष अनुदानका लागि योजना छनौट गर्ने।

तपसिलः

**क) विशेष अनुदानका लागि छनौट भएका योजना**

१. विसुरेखोला अमिले डोक्राबन लिफ्टीङ खानेपानि योजना वडा नं ६ - रु ५०,००,०००/-
२. नारेखोला राम्ली लिफ्टीङ खानेपानि योजना वडा नं १ - रु ३५,००,०००/-
३. नवज्योति प्रा.वि. तल्लो मसिना मेशिनरी वाल निर्माण योजना वडा नं ४ - रु १५,००,०००/-
४. बालबोध प्रा.वि. गुनाम २ कोठे भवन निर्माण योजना वडा नं ९
५. ने.रा.मा.वि. डुब्रिङ छात्रबास भवन निर्माण योजना वडा नं ६
६. चेतनशिल प्रा.वि. छिन्नेटा बालविकास भवन निर्माण योजना वडा नं ५

निर्णय नं ३.

होलेरी बजार क्षेत्रमा रहेका सार्वजनिक प्रति ऐलानि जग्गा, बन क्षेत्रको जग्गा, मठमन्दिर, विद्यालय लगायतका जग्गाहरु कब्जा/अतिक्रमण तथा अव्यवस्थित रुपमा भोगचलन भईरहेको हुँदा गाउँपालिकाको पहलमा बजार व्यवस्थापन लगायतका पक्षको सहजिकरणमा जिल्ला नापि कार्यालयको नापि टोलीद्वारा सो क्षेत्रको नाप नक्सा सम्पन्न भए अनुसार बजार क्षेत्रलाई व्यवस्थित बनाउन तथा अतिक्रमित सार्वजनिक जग्गाहरु संरक्षण गरी त्यस्ता जग्गा व्यवस्थापन गर्न तत्काल कार्वाही अगाडि बढाउने।

निर्णय नं ४.

चालु आ ब मा संघीय सरकार हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ नविकरणिय उर्जा प्रविधि जडान शिर्षकको विनियोजित बजेटबाट सडक बत्तीको आवश्यकता देखिएको हुँदा यस गाउँपालिकाका विभिन्न क्षेत्रमा सौर्य उर्जा (सडक सौर्य बत्ती) मा कार्यक्रम संचालन गर्ने।

**<u>निर्णय नं ५.</u>**

चालु आ ब मा गाउँपालिकाबाट विभिन्न सडक पर्यटकीय क्षेत्र तथा अन्य डि पि आर शिर्षकमा विनियोजित भएको बजेटबाट होलेरी बजार क्षेत्रको बस्ती विकासको डि पि आर तयार गर्ने कार्यक्रममा खर्च गर्ने।

**<u>निर्णय नं ६.</u>**

चालु आ ब मा संचालन भइरहेका योजना तथा कार्यक्रमहरुको अनुगमन निरीक्षण लगायतका कार्यहरु गर्नका लागि कार्यालयमा मौजुदा रहेको एकमात्र गाडिबाट नभ्याइने हुँदा प्रतिस्पर्धाका आधारमा गाडि भाँडामा लिई कार्य संचालन गर्ने।

**<u>निर्णय नं ७.</u>**

रुन्टीगढी गाउँपालिकाको खेलमैदान निर्माण योजना शिर्षकमा सामाजिक विकास डिभिजन कार्यालय प्युठानबाट विनियोजन भएको रु तीन लाख बजेट रुन्टीगढी गाउँपालिकाको वडा नं ३ मा रहेको हेमन्त आधारभुत विद्यालय जुरको खेलमैदान निर्माणमा खर्च गर्ने।

**<u>निर्णय नं ८</u>**

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन तथा अन्य आर्थिक सहयोगका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम दोहोरो सुविधा प्राप्त नहुने गरी आर्थिक सहयोग दिने।

तपसिलः

| क्र सं | नामथर | ठेगाना | समस्या तथा सहयोग मागको कारण | रकम |
|---|---|---|---|---|
| १ | ममता घर्तिमगर | रुन्टीगढी ७ बलबाङ | खुट्टामा चोट | रु.५,०००/- |
| २ | प्रेम बि.क. | रुन्टीगढी ६ रोल्पा | लामो समयदेखि फोक्सोको विरामी | रु.७,०००/- |
| ३ | गंगा बि.क. | रुन्टीगढी ६ रोल्पा | दुर्घटनामा बायाँ हातमा चोट | रु.३०,०००/ |
| ४ | खिरमा घर्ति | रुन्टीगढी १ रोल्पा | दुर्घटनामा दुबै खुट्टामा चोट्ट | रु.१०,०००/- |
| ५ | मनोज राना | रुन्टीगढी ८ रोल्पा | पक्षघात भइ उपचाररत रहेको | रु.१०,०००/- |
| ६ | तुल्सी पुन | रुन्टीगढी ८ रोल्पा | दुर्घटनामा बायाँ खुट्टा भाँचिएको | रु.३०,०००/- |
| ७ | सशस्त्र प्रहरी | लिबाङ रोल्पा | भवन निर्माण | रु.५०,०००/- |

**<u>निर्णय नं ९.</u>**

रुडास नेपाल गोल परियोजना २ र यस कार्यालय बीच पशु तथा कृषि विमाको लागि म्याचिङ कार्यक्रम अन्तर्गत रु १/१ लाख विनियोजन गर्ने सम्झौता भएकोले यस कार्यालयबाट व्यहोर्ने रकम समपुरक कोषबाट व्यवस्था गर्ने।